**सम्मानित गाउँसभाका उपाध्यक्षज्यू,**

गाउँसभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । बार्षिक नीति तथा कार्यक्रम तर्जुमा क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई, दिदी, बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध चक्रघट्टा गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिका, वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले अगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार र निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी जलवायु उत्थानशील तथा दिगो स्थानीय, आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

चक्रघट्टा गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्न योजनावद्ध रुपमा सफा, सुन्दर, स्वच्छ, सुलभ यातायातको साथै आर्थिक विकासमा कृषि कार्यको लागि सिंचाईमा लगानी, उद्यमशीलतामा अभिवृद्धि, लैंगिक समानता तथा समावेशिकरण, युवा रोजगारी प्रवर्द्धन, जेष्ठ नागरिक तथा बालबालिकालाई विशेष संरक्षण एवं सुरक्षा, शिक्षा तथा स्वास्थ्य कार्यक्रमको चौतर्फी विकासका लागि अधिकतम प्रयास गर्न यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहेको छ ।

**विद्यमान परिवेश :**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुनः रसिया युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएकोछ।आन्तरिक र वाह्य वसाईसराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन्। यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

चक्रघट्टा गाउँपालिका अन्तरगत रहेका लखनदेही र ढंगरा खोलामा बर्षायामको समयमा अधिकतम पानी प्रवाह हुँदा गाउँ तथा बस्ती डुबान हुने र गाउँपालिका अन्तरगत रहेका खेती योग्य जमिन कटान तथा डुबान हुने सम्भावना रहेको

छ।यसको लागि हामीले खोला नियन्त्रण गर्न सम्बन्धित निकायमा विशेष पहल गर्नुपर्ने अवस्था देखिएको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तीब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ।

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन् ।

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

७. घरहरूको निर्माणमा भवनसंहिता पालना गरी नक्सापास गराउनु ।

८. उर्वर खेती योग्य जमिन हुनु ।

९. कृषि तथा पशु व्यवसायकरण हुनु।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन् ;

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. बजारको सूचना कृषकलाई समयमा उपलब्ध गराउनु ।

३. गुणस्तरीय बीउबिजन र मलखाद समयमा उपलब्ध गराउनु ।

४. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना , डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

चक्रघट्टा गा.पा.को गाँउसभाको १५ औं अधिवेशन २०८१/८२

आ.व. २०८२/०८३ को अनुमानित आय व्यय विवरण र नीति तथा कार्यक्रम :

**अनुमानित बजेटको प्रस्तावित आय व्यय अनुमान रकम :**

१. अगामी आ.व. २०८२/०८३ मा आन्तरिक राजश्वबाट रु.६३ लाख, राजश्व बाँडफाँडबाट रु.९ करोड १३ लाख ४५ हजार, गत सालको अल्या रु.७ करोड, नेपाल सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु.९ करोड ४० लाख, सम्पूरक अनुदान रकम रु. ७२ लाख, सशर्त अनुदान (चालु) रकम रु.१२ करोड ४९ लाख, सशर्त अनुदान (पूँजीगत) रकम रु.४ करोड ९८ लाख र प्रदेश सरकारबाट रु.६५ लाख १५ हजार गरी कुल बजेट रकम रु.४५ करोड ६० हजार अनुमान गरिएको छ ।

२ पूँजीगत खर्च शीर्षकमा जम्मा रकम रु.१३ करोड ८१ लाख ६० हजार विनियोजन गरिएको छ । जसमध्ये आर्थिक विकास क्षेत्रमा २० प्रतिशतले हुने रकम रु.२ करोड ७६ लाख ३२ हजार, सामाजिक विकास क्षेत्रमा २० प्रतिशतले हुने रकम रु.२ करोड ७६ लाख ३२ हजार, पूर्वाधार विकास क्षेत्रमा ४० प्रतिशतले हुने रकम रु.५ करोड ५२ लाख ६४ हजार, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा १० प्रतिशतले हुने रकम रु.१ करोड ३८ लाख १६ हजार र सुशासन तथा संस्थागत विकास क्षेत्रमा १० प्रतिशतले हुने रकम रु.१ करोड ३८ लाख १६ हजार गरिएको छ ।

३. चालु खर्च शीर्षकमा जम्मा रकम रु.१३ करोड विनियोजन गरिएको छ । जसमध्ये गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा स्थानीय तहका कर्मचारीहरुको पारिश्रमिक लगायत विभिन्न संस्थागत कार्यालय व्यवस्थापन र कार्यक्रम सञ्चालनको लागि व्यवस्था मिलाइनेछ ।

४. सशर्त कार्यक्रम अन्तर्गत : सशर्त अनुदान (पूँजीगत) रकम रु.४ करोड ९८ लाख, सशर्त अनुदान (चालु) रकम रु. १२ करोड ४९ लाख, सम्पूरक अनुदान रकम रु.७२ लाख विनियोजन रहेको छ ।

५. चक्रघट्टा गाउँपालिकाको स्रोत अनुमानत तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त भएको बजेटको खाका प्रस्तुत गरिएको छ । यस उप्रान्त कुनै दातृ संघ, संस्था वा नेपाल सरकारबाट आउने थप अनुदानको हकमा गाउँ कार्यपालिकाको निर्णयानुसार आवश्यकता बमोजिम सम्बन्धित क्षेत्रमा विनियोजन गरी सोही अनुरुप कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

**अब म आ.व. २०८२/०८३ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।**

**आर्थिक विकास तर्फ :**

१. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका कृषि योग्य जमिनलाई उत्पादनमुखी बनाउन आवश्यकता अनुसार बोरिङ जडान गरी कृषि मिटर तथा विद्युतीकरणको लागि आवश्यक कार्य गरिनेछ ।

२. भैंसीपालन, गाइपालन, बाखापालन तथा कुखुरापालन गर्ने किसानहरुलाई व्यवसाय दर्ता गराई अझै प्रभावकारी बनाउन व्यवसायी र गाउँपालिकाको साझेदारीमा विशेष अनुदानको व्यवस्था मिलाइनेछ साथै व्यवसायीलाई गाउँपालिकाको आर्थिक सहयोगमा समय-समयमा आवश्यक तालिमको व्यवस्था मिलाउनुको साथै निःशुल्क औषधीको व्यवस्था मिलाइनेछ ।

३. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत खोलिएका विभिन्न ठुला/मझौला/साना उद्योगहरु तथा पसल व्यवसायीहरुलाई गाउँपालिकामा व्यवसाय दर्ता गराईनेछ र

बार्षिक रुपमा अध्यावधिक गर्न नविकरणको व्यवस्था मिलाईनेछ तथा गाउँपालिकाको रेकर्डमा दर्ता रहेका व्यवसायीहरुलाई व्यवसाय प्रभावकारी बनाउन आवश्यक तालिमको व्यवस्थापन गरी बैंक वित्तिय संस्थासँग समन्वय गरी ऋण तथा अनुदान सहयोगको लागि गाउँपालिकाबाट आवश्यक पहल गरिनेछ ।

४. यस चक्रघट्टा गाउँपालिकामा रहेका बेरोजगार यूवाहरुको लागि रोजगार योजनाको आधारमा गैर सरकारी संघ संस्था, लघुवित्त तथा ऋण लगानी कर्ता संस्थाहरुसँग समन्वय गरी रोजगार प्रवर्द्धन तर्फ आवश्यक पहल गरिनेछ ।

५. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका विभिन्न बजारमा रहेका खुल्ला तथा थोक बिक्रेताको कर दायरा तोकी प्रति बजार कर तिर्ने व्यवस्था मिलाई हाट बजारको ठेक्का बन्दोवस्त गरिनेछ ।

६. चक्रघट्टा गाउँपालिका वा अन्तर्गतबाट संचालनमा रहेका सवारीहरुलाई पार्किङ्गको व्यवस्थापन गरी राजश्व परामर्श समितिले निर्धारण गरेको पार्किङ्ग शुल्क वापतको दस्तुरको दायरामा ल्याइनेछ ।

७. गाउँपालिका अन्तर्गत विज्ञापनको लागि लगाइएको बोर्ड तथा बैनरहरुमा राजश्व परामर्श समितिले निर्धारण गरेको शुल्क बार्षिक रुपमा तिर्ने व्यवस्था मिलाइएको छ।

८. चक्रघट्टा गाउँपालिकामा तरकारी खेतीमा निर्भर रहेका किसानहरुको लागि नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

९. मकै खेती गर्ने किसानहरुको लागि हिउँदे मकै प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१०. चक्रघट्टा गाउँपालिका अन्तर्गतका उन्नत बीउ वितरकलाई आवश्यक प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ ।

११. चक्रघट्टा गाउँपालिकामा खेतीमा निर्भर भई काम गर्ने किसानहरुको वर्गीकरण गरी किसान परिचय पत्रको व्यवस्थापन गरिनेछ ।

१२. चक्रघट्टा गाउँपालिका अन्तर्गतका पशु व्यवसायमा निर्भर रहेका किसानहरुको आवश्यकता अनुसार कृत्रिम गर्भाधान मिसन कार्यक्रम र आकस्मिक रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

१३. चक्रघट्टा गाउँपालिकामा सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधार गर्न आय आर्जनका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

१४. गाउँपालिका अन्तर्गत कृषिमा आधारित रहेका महिलाले कृषि कार्यक्षेत्र तर्फ व्यवसायिक दृष्टिकोणले अझ आयस्रोत बृद्धि गर्ने लक्ष्यले सामूहिक रुपमा कार्य गर्न चाहने महिला कृषि समूहलाई आवश्यक तालिमको व्यवस्था मिलाई गाउँपालिका अन्तर्गत रहेका वित्तिय संस्थाहरुसँग ऋण अनुदानको व्यवस्था मिलाउन आवश्यक पहल गरी व्यवसायिकरण गरिनेछ ।

१५. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरल र प्रभावकारी बनाइनेछ ।

१६. आन्तरिक राजश्व अभिवृद्धि गर्न करको दायरा बढाई Online प्रणालीबाट राजश्व संकलन गरिनेछ ।

१७. गाउँपालिका कार्यालय वा अन्तर्गतबाट सिफारिश हुने पत्रमा नेपाल सरकारले तोकेको निःशुल्क सिफारिश सोही सरह हुने र सिफारिश पत्रको प्रकृति अनुसार राजश्व परामर्श समितिले तोकेको शुल्क अनुसार गाउँपालिकाले रु.१०० देखि १००० सम्म सिफारिश दस्तुर लिने व्यवस्था गरिएकोले कुन सेवाग्राहीले कुन दस्तुर वापत कति तिर्नु पर्ने हो सोको सूचना कार्यालयको अगाडी टाँस गरी सार्वजनिक रुपमा व्यवस्था मिलाइनेछ ।

१८. चक्रघट्टा गाउँपालिकाका कृषकहंरुको उत्पादन अभिवृद्धि गर्न लाग्ने मलखाद्यमा गाउँपालिका अन्तर्गत रहेका डिलरबाट खरिद गरेमा प्रति बोरा २०० को दरले छुटको व्यवस्था मिलाइनेछ र गाउँपालिकाबाट मलखाद्य विक्री वितरण गर्ने डिलरलाई छुट बराबरको अनुदान रकम गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

१९. चक्रघट्टा गाउँपालिकामा कृषि विकास कार्यक्रम अन्तर्गत खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रमको व्यवस्था गरिएको छ ।

२०. चक्रघट्टा गाउँपालिकालाई पालिकास्तरीय खाद्य सुरक्षा निर्देशक समिति, वडास्तरीय खाद्य सुरक्षा निर्देशक समितिलाई विभिन्न माध्यमबाट पोषण सम्बन्धि छलफल गराई गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउनका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

२१. चक्रघट्टा गाउँपालिका अन्तर्गत पशु व्यवसायमा तथा पशुपालन गरी रहेका किसानहरुको पशुहरुलाई आकस्मिक महामारी रोग नियन्त्रण, आधारभुत प्रयोगशाला र कृत्रिम गर्भाधान मिसनको आवश्यक कार्यक्रम गराइनेछ ।

२२. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका किसानहरुको अन्न बालीका लागि कृषि बिमा र पशुपंक्षीका लागि पशु बिमा गर्न बिमा कम्पनीसँग समन्वय गरी आवश्यक कार्य गर्ने व्यवस्था गरिनेछ ।

**सामाजिक विकासतर्फ :**

१. बालमैत्री शिक्षाको लागि आवश्यक जनचेतनामूलक कार्यक्रम गर्न व्यवस्था मिलाइनेछ ।

२. चक्रघट्टा गाउँपालिका अन्तर्गत मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार खर्च वापत संघीय सरकारले तोके बमोजिमको मासिक रु.५ हजार दरले उपलब्ध गराइनेछ ।

३. गाउँपालिका अन्तर्गत बेरोजगार रहेका युवाहरुलाई रोजगार सूचीमा दर्ता गराई कम्तीमा १०० दिने रोजगारको अवसर प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

४. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका पिछडिएका समुदायलाई लघु उद्यम विकास कार्यक्रमद्वारा नयाँ उद्यमी तयारीको लागि आवश्यक तालिम प्रदान गर्ने र विगत वर्षहरुमा तालिम प्राप्त उद्यमीहरु मध्येबाट केही उद्यमीहरुलाई स्तरोन्नती तालिम प्रदान गरिनेछ ।

५. स्थानीय स्तरमा रहेका विद्यालयका छात्रछात्रालाई राष्ट्रपति रनिङ्ग शिल्डमा अवसर प्रदान गरी गाउँपालिकामा रहेका भविष्यका अमुल्य रत्नहरुलाई सम्मान गर्नुको साथै सम्मानित रत्नको सूची बोर्ड राखी व्यवस्थित गर्ने व्यवस्था मिलाइने छ ।

६. चक्रघट्टा गाउँपालिका तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, कानुनमा व्यवस्था भएको समय अवधिसम्मको लागि निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार गरिने व्यवस्था मिलाइनेछ ।

७. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका आमनागरिकको आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी खरिदको व्यवस्था मिलाई स्वास्थ्य क्षेत्रको सुधारका लागि विभिन्न कार्यक्रम गरिनेछ ।

८. गाउँपालिका अन्तर्गत रहेका आमनागरिकको स्वास्थ्य परीक्षणको लागि निःशुल्क स्वास्थ्य शिविर र योग शिविरको व्यवस्था गरिनेछ ।

९. चक्रघट्टा गाउँपालिका अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र संचालन तथा अभियान शुरु गरिनेछ ।

१०. गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालय संचालनमा रहेका विद्यालयहरुमा विद्यार्थीको अनुपातमा विषयगत शिक्षकको व्यवस्था मिलाइनेछ ।

११. रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तीमा शतप्रतिशत रकम साझेदारीको व्यवस्था मिलाइनेछ ।

१२. चक्रघट्टा गाउँपालिकामा संघीय कार्यक्रम अनुरुप कृत्रिम गर्भाधान मिसन कार्यक्रम र रेबिज नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

१३. चक्रघट्टा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क रुपमा उपलब्ध गराइने पाठ्यपुस्तक समयमै उपलब्ध गराई पठनपाठन कार्य व्यवस्थित गरिनेछ ।

१४. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका अपाङ्ग युवाहरुलाई आत्मनिर्भर बनाउनको लागि आयमुलक सीप विकास तालिमको व्यवस्था मिलाइनेछ ।

१५. विद्यालय बाहिर रहेका बालबालिका तथा सामान्य शिक्षा हासिल नगरेका युवा तथा बृद्धबृद्धाहरुलाई सामान्य लेख्न र पढन जान्ने व्यवस्था मिलाउन साक्षरता कार्यक्रम संचालन गरी गाउँपालिकालाई २०८५ सम्म शिक्षित गाउँपालिका घोषणा गर्ने तर्फ आवश्यक व्यवस्था मिलाइनेछ ।

१६. चक्रघट्टा गाउँपालिका अन्तर्गत हुने बालविवाह र दाइजोप्रथा अन्त्य गर्नको लागि जनचेतनामुलक कार्यक्रम गराई २०८५ सम्म बालविवाह र दाइजोप्रथा अन्त्य गाउँपालिका घोषणा गर्ने तर्फ व्यवस्था मिलाइनेछ ।

१७ चक्रघट्टा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा स्थानीय विषयको रुपम थप विषयको रुपमा कक्षा १ देखि ७ सम्म अंग्रेजी/अंग्रेजी व्याकरण, कक्षा ८ मा अतिरिक्त गणित र कक्षा ९ देखि १० सम्म सामान्य ज्ञान पाठ्यपुस्तकको व्यवस्था मिलाइनेछ ।

१८. चक्रघट्टा गाउँपालिकाका अपाङ्ग, अतिविपन्न तथा पिछडावर्गका बालबालिकालाई कुनै विषयमा स्नातक तहको शिक्षा हासिल गर्न कम्तीमा १/१ जना छात्रछात्रा ( जसले +२ मा A+ अंक प्राप्त गरेको र सामुदायिक विद्यालयबाट SEE सम्मको अध्ययन गरेको विद्यार्थी) लाई रु.५० हजारको दरले छात्रवृत्तिको व्यवथा मिलाइनेछ।

१९. चक्रघट्टा गाउँपालिकामा स्थायी घर भई सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेका विद्यार्थीहरुले छात्रवृत्तिमा MBBS, Engineer लगायत अन्य प्राविधिक विषयमा नाम निकालेमा प्रोत्साहन स्वरुप रु.१ लाख प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

२०. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका आमनागरिक मध्ये आ-अफ्नो बालबालिकालाई शिक्षा हासिल गर्न प्रेरणा दिई एक आमाबुवाबाट प्राप्त छोरा/छोरीहरुलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारमा लोक सेवा आयोगबाट स्थायी पदपूर्तिमा सिफारिस हुन सफल भएका आमाबुवालाई गाउँपालिकाबाट सम्मान गरिनेछ ।

२१. चक्रघट्टा गाउँपालिकामा बिउ, बिजन तथा बिरुवा उत्पादन गर्ने कार्यमा सफल हुने १ जना किसानलाई प्रत्येक बर्ष आवश्यक सम्मान कार्यक्रम गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

२२. प्रारम्भिक बालविकासको लागि सुविधा सम्पन्न कक्षा व्यवस्थापनको आवश्यक व्यवस्था मिलाइनेछ ।

२३. चक्रघट्टा गाउँपालिका भित्रका प्रारम्भिक बालविकासको क्षेत्रमा लगानी अभिवृद्धि गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरिनेछ ।

२४. प्रारम्भिक उमेरका बालबालिकाको विकासात्मक पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका बारे अभिभावकको क्षमता विकास तथा सचेतना अभिवृद्धिका साथै प्रारम्भिक बालविकासको क्षेत्रमा प्राथमिकताका साथ कार्यक्रमहरु संचालन गरिनेछ ।

२५. गाउँपालिकाबाट प्रदान गरिने प्रारम्भिक सेवाहरु लाभग्राहीहरुले लिएको सेवाहरुको विवरण व्यवस्थित गर्न प्रवाह भएको गतिविधिलाई रुजु सूचीकार्डको व्यवस्था मिलाई सेवा प्रवाहको रुजु गरिनेछ ।

२६. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको लागि आवश्यक औषधी, केमिकल तथा उपकरण खरिदको व्यवस्था मिलाइनेछ ।

२७. गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत किशोरीहरुको लागि सेनेटरी प्याडको व्यवस्था मिलाइनेछ ।

२८. गाउँपालिकाको यूवाहरुको खेल क्षमता अभिवृद्धि गर्नको लागि गाउँपालिका अन्तर्गत खेल मैदान निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२९. चक्रघट्टा गाउँपालिका अन्तर्गत हुन सक्ने लागू औषधको दुरुपयोग एवं ओसारपसार जस्ता क्रियाकलापलाई रोक्न आवश्यक पहल गरिनेछ ।

३०. अगामी आर्थिक बर्षमा शिक्षित युवाहरुलाई सरकारी सेवा प्रति आकर्षित गर्न निःशुल्क शिक्षक सेवा/लोक सेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।

३१. चक्रघट्टा गाउँपालिकामा संचालित कक्षा ११ र १२ (+२) व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३२. प्रारम्भिक बालविकास कक्षाको लागि अंग्रेजी माध्यमको पाठ्यपुस्तक र आधारभूत तहसम्मका स्थानीय भाषा अन्तर्गतका पाठ्यपुस्तक खरिद गरी निःशुल्क वितरण गरिनेछ ।

३३. "शिक्षक झोला कार्यक्रम" लागु गरी पालिका भित्रको प्रत्येक शिक्षकको झोलामा शिक्षक डायरी, विषयगत पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सहित प्रदान गरिने कार्यक्रम लागु गरिनेछ ।

३४. विद्यालय क्षेत्रमा Safe, Peace, Green and Clean को अवधारणा निरन्तरता दिइनेछ । यस अन्तर्गत "एक शिक्षक एक बिरुवा" को नीति अवलम्बन गरिनेछ ।

३५. यस गाउँपालिकामा बहुप्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

३६. चक्रघट्टा गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था बनाउन आवश्यक पहल गरिनेछ ।

३७. गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक संस्थाहरु तथा व्यक्तिगत घरमा प्रयोगमा ल्याएका खानेपानीलाई आर्सेनिक जाँच गरी शुद्ध पानी भएको वा नभएको यकिन गरी शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ ।

३८. गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको पारिश्रमिक रकम रु.२०,०००।- मा हुने अपुग रकम गाउँपालिकाको तर्फबाट व्यवस्था मिलाइएकोले सो कार्यलाई निरन्तरता गरिनेछ ।

३९. चक्रघट्टा गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा संघीय सरकारबाट प्राप्त दिवा खाजा अनुदान रकमबाट लाभान्वित बालबालिकाहरुलाई विषादीमुक्त र पोषणयुक्त खाजामा ध्यानाकर्षण गरी अनुगमनको व्यवस्था मिलाइनेछ ।

४०. लैंगिक हिंसा, लागु औषध लगायत विभिन्न जनचेतना सम्बन्धि अभियान संचालन गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ :**

१. गाउँपालिकाको सार्वजनिक जग्गा (मूल सडक, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक स्थलमा) बृक्षारोपण गरी हराभरा चक्रघट्टा बनाउने व्यवस्था मिलाइनेछ।

२. सार्वजनिक स्थल (विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल) जस्ता स्थानमा सुविधा सम्पन्न खानेपानी तथा शौचालयको व्यवस्थापन गरिनेछ ।

३. पालिका अन्तर्गत विभिन्न सार्वजनिक ठाउँमा नवीकरणीय उर्जा प्रविधिको जडानमा आवश्यक कार्य गरिनेछ ।

४. चक्रघट्टा गाउँपालिकाको ९ वटै वडामा फोहरमैला व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।

५. अनावश्यक रुपमा छरिएर रहेका प्लाष्टिकको झोलालाई व्यवस्थित गर्न प्लाष्टिक झोलालाई बिक्री वितरणबाट रोक लगाई कपडाको झोला परिचालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

६. चक्रघट्टा गाउँपालिकामा आइपर्ने विपदलाई व्यवस्थापन गर्न प्रत्यक्ष रुपमा पर्ने जोखिम क्षेत्रमा विपद् प्रतिकार्य गर्नको लागि समूह गठन गर्ने र उक्त समूहलाई आवश्यक पर्ने श्रोत साधनको व्यवस्था मिलाइनेछ ।

७. जलवायु परिवर्तनको लागि व्यापक रुपमा नेपाल जलवायु नमूना कार्यक्रम गरिनेछ।

**भौतिक पूर्वाधारतर्फ :**

१. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक सडकहरुलाई अझै व्यवस्थित गर्न पक्की सडक स्तरोन्नती तर्फ आवश्यक कार्य गरिनेछ ।

२. चक्रघट्टा गाउँपालिकाका किसानहरुको आवश्यकताको आधारमा कृषि सडक निर्माण तथा स्तरोन्नती गर्न आवश्यक कार्य गरिनेछ ।

३. किसानहरुको कृषि कार्यका आधारमा आवश्यकता अनुसार कुलो, पैनी निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

४. चक्रघट्टा गाउँपालिका अन्तर्गत कृषि पेशामा निर्भर रहेका किसानहरुले उत्पादन गरेका उपजहरुलाई व्यवस्थित गर्न चक्रघट्टा गाउँपालिका वडा नं. ९ मा चिस्यान केन्द्र निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिका अन्तर्गत हालसम्म आफ्नो वडा भवन विहिन रहेका वडा नं. १, ६, ७ र ८ का वडा कार्यालय भवन निर्माणका लागि केन्द्रिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्ने व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिका अन्तर्गत निर्मित घरहरुलाई अभिलेखीकरण र घर नक्सा पासको व्यवस्था मिलाइनेछ ।

७. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित गरिनेछ ।
८. गाउँपालिकाको सीमाक्षेत्र तथा विभिन्न चौकमा गाउँपालिकाको पहिचानको लागि होडिङ्ग बोर्डको व्यवस्थापन गरिनेछ ।
९. आ.व. २०७९/०८० मा तयार पारिएको भू-उपयोग नीति अनुरुप निरन्तर रुपमा कार्य संचालन गरिनेछ ।
१०. चक्रघट्टा गाउँपालिको कार्यालय र ९ वटै वडा जोड्ने मुख्य सडकहरुलाई कालोपत्रे गर्ने व्यवस्था मिलाइनेछ ।
११. कृषि व्यवसायीकरण तथा बजारीकरण र आवतजावतमा सहजता प्रदान गर्न चक्रघट्टा गाउँपालिकाको वरिपरि चक्रपथ निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
१२. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका विभिन्न बजारहरुलाई व्यवस्थित गरिनेछ ।
१३. चक्रघट्टा ३ सुन्दरपुरको ढंगरा खोलामा झोलुंगे पुलको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
१४. चक्रघट्टा गाउँपालिका अन्तर्गतका सार्वजनिक स्थल/भवन/सडकहरु आवश्यकताका आधारमा तुरुन्त मर्मत सम्भार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
१५. चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका अधुरा योजनाहरुलाई पूर्ण रुपमा व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**संस्थागत विकास :**

१. गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयको अधुरो भवनका पूर्वाधारहरुलाई पूर्ण रुपले व्यवस्थित गर्न सुविधा सम्पन्न भवन पूर्वाधारको व्यवस्थापन गरिनेछ ।
२. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुको विवरण डिजिटल सूचना बोर्डबाट सेवा प्रवाहको जानकारी गराइनेछ ।
३. गाउँपालिकाको सेवाप्रवाहमा आवश्यक पर्ने ऐन, नियमावली तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
४. गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा ईलेक्ट्रोनिक्स हाजिरीको व्यस्थापान गरी मोनिटरिङ्ग गर्नको लागि गाउँपालिकाको कार्यालयमा व्यवस्था मिलाइनेछ ।
५. गाउँपालिका, स्वास्थ्य संस्था र विद्यालयमा कार्यरत कर्मचारी तथा शिक्षकलाई क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
६. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत कार्यरत अस्थायी, करार तथा ज्यालादारीमा रहेका कर्मचारीहरुलाई गाउँपालिकाको आवश्यकता तथा निज कर्मचारीहरुको कार्य सम्पादनको आधारमा म्याद थप गर्ने व्यवस्था मिलाइनेछ ।
७. चक्रघट्टा गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुको क्षमता अभिवृद्धि तथा पूनर्ताजगीका लागि अवलोकनात्मक भ्रमणको व्यवस्था गरिनेछ ।
८. गाउँपालिका तथा गाउँपालिका अन्तर्गतबाट प्रवाह हुने सेवाहरुलाई दुरुस्त बनाउन १ जना कर्मचारीलाई गुनासो सुनवाई अधिकारी तोकी सेवा लिन आउने

सेवाग्राहीको आवश्यकता अनुसार सेवा प्रवाह गर्न मूल दर्ता रजिष्टरको व्यवस्था गरी सेवा प्रवाह समयमा भएको वा नभएको दैनिक रुपमा प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइनेछ ।

९. गाउँपालिका तथा गाउँपालिका अन्तर्गत सेवा लिन आउने सेवाग्राहीहरुलाई आवश्यक पर्ने सम्पूर्ण फाराम गाउँपालिकाको कार्यालयले व्यवस्था मिलाउनेछ र सो वापतको गाउँपालिकाले तोकेको न्यूनतम दर बाहेक अतिरिक्त कुनै किसिमको दस्तुर तिर्न नपर्ने व्यवस्था मिलाइनेछ ।

१०. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्न निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

११. चक्रघट्टा गाउँपालिकाको तथ्यांक अद्यावधिक गरी विभिन्न सेवाहरु प्रवाह गर्न गाउँपालिकाबाट तयार भएको Digital Profile लाई अपडेट गर्ने व्यवस्था मिलाइनेछ ।

१२. चक्रघट्टा गाउँपालिका र अन्तर्गत कार्यालयबाट हुने सेवाप्रवाह निष्पक्ष, पारदर्शी एवं भ्रष्टाचारमुक्त बनाउन संचारकर्मीसँग आवश्यक सहकार्य गरिनेछ ।

१३. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय आवश्यकता अनुसार व्यवस्थापन गरी सेवा प्रवाह चुस्त दुरुस्त गरिनेछ ।

१४. महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन अनुसार चक्रघट्टा गाउँपालिकाको नाममा देखिएको नियमित गर्नुपर्ने बेरुजु, सैद्धान्तिक बेरुजु तथा पेश्की बेरुजुलाई न्यून गर्न लेखा समितिलाई सक्रिय गरी आवश्यक कार्य अघि बढाइनेछ ।

१५. स्थानीय तहका फिल्ड सहायक र स्थानीय तहका लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक वापतको रकम बाहेक बाँकी ६ महिनाको पारिश्रमिक स्थानीय तहबाट व्यवस्था मिलाइनेछ ।

१६. चक्रघट्टा गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

धन्यवाद ।